

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratеekdaily.com

PRATEEK DAILY

राष्ट्रिय ‘क’ वर्ग

# प्रतीक
दैनिक
prateekdaily.com



कोभिड–१९ को सङ्क्रमण फैलन नदिन सम्पूर्ण उद्योग, व्यापारिक एवं व्यावसायिक फर्म, डिपार्टमेन्टल स्टोर, बिक्री केन्द्र एवं पसलहरूले वस्तु तथा सेवाको उत्पादन, प्रशोधन, ढुवानी तथा बिक्री वितरणलगायतका कार्यहरू गर्दा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्वीकृत गरेको कोभिड–१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड (Protocal) अनिवार्य पालना गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७७ भदौ ११ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2020 August 27 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १०


## सिटी भ्यालुसहित पिसिआर रिपोर्ट

राधेश्याम पटेल, वीरगंज, १० भदौ/

नारायणी अस्पताल पिसिआर प्रयोगशाला वीरगंजले बहुप्रतीक्षित मानिएको सिटी भ्यालु (साइकल थ्रेसहोल्ड)सहितको पिसिआर रिपोर्ट दिन शुरू गरेको छ ।

नारायणी अस्पतालका नयाँ मेडिकल सुपरिटेन्डेन्ट डा सञ्जयकुमार ठाकुरको सक्रियतामा सिटी भ्यालुसहितको पिसिआर रिपोर्ट दिन सुरुआत गरिएको हो ।

वीरगंज आएपछि जनसमुदायसँग गरिएको जूम छलफलमा चौतर्फीरूपमा पिसिआर रिपोर्टमा सिटी भ्यालु उल्लेख गरेर दिंदा सङ्क्रमितको वर्गीकरण गर्न सहज हुने कुरा उठेपछि मङ्गलवारदेखि सिटी भ्यालुसहितको रिपोर्ट सार्वजनिक गर्न थालिएको मेसु डा ठाकुरले जानकारी दिए ।

“सिटी भ्यालु भनेको कोरोना सङ्क्रमणको साइकल थ्रेसहोल्डलाई जनाउँछ, कुन सङ्क्रमितमा भाइरसको मात्र कस्तो छ, समुदायमा सङ्क्रमण फैलाउन सक्छ कि सक्दैन भन्ने कुराको निक्र्योल गर्ने सिटी भ्यालु नै हो, त्यस कारण यो सुविधा सुरुआत गरिएको हो,” उनले भने, “युरोपमा ३३ सिटी भ्यालुभन्दा मुनि र भारतमा २४ सिटी भ्यालुभन्दा मुनिका सङ्क्रमित भनेको बलियो कोरोना सङ्क्रमितको रूपमा अध्ययनहरूले देखाएका छन्, त्यसमाथिका सङ्क्रमितले समुदायमा कोरोना सङ्क्रमण फैलाउन सक्दैन भनिन्छ, तर यो तथ्याङ्क अहिले पूर्णरूपमा अध्ययनकै चरणमा रहेको छ । फेरि कुन रिएजेन्ट र एक्सट्रेक्स किटमा परिक्षण हुन्छ, त्यसमा पनि सिटी भ्यालु भर पर्ने गर्छ ।”

यस विषयमा नारायणी अस्पताल प्रयोगशालाकी प्रमुख डा नीरा पाठकले दक्ष जनशक्ति र समय अभावको कारण पहिले सिटी भ्यालुसहितको रिपोर्ट नदिएकोमा हाल चारैतिरबाट माग उठेपछि सिटी भ्यालु एडेड रिपोर्ट उपलब्ध गराउन थालिएको बताइन् । उनले पिसिआर रिपोर्टको अन्तिम नतीजाको विश्लेषण सिटी भ्यालुबाट नै गर्ने हुँदा सामान्य प्रक्रियाबाट चार चरण पार गरेपछि करीब १० घण्टा लाग्छ एउटा नमूनाको नतीजा निकाल्न भने सिटी भ्यालु निकाल्न थप दुई घण्टा समय लाग्ने बताइन् ।



नारायणी प्रयोगशालामा पिसिआर परीक्षण गर्दै स्वास्थ्यकर्मी । तस्वीरः फाइल

**पर्सा-बाराका सिटी भ्यालु खतरापूर्ण**

नारायणी अस्पतालमा हुने पिसिआर परीक्षणमा बलियो सङ्क्रमित मात्र भेटिने गरेका छन् । साउन अघि ३०, ३२, ३४ सम्म सिटी भ्यालु आउँथ्यो भने अहिले ८० प्रतिशत पोजेटिभ केस २४ भन्दा मुनि अर्थात् १५, १६, १७ सम्म आउने गरेको डा पाठक बताउँछिन् । “हामीले सिटी भ्यालुलाई विश्लेषण गरी ३५ भन्दा मुनिकालाई बलियो सङ्क्रमित मानेर पोजेटिभ रिपोर्ट दिने गरेका छौं, अहिले करीब सवा महीनादेखि सिटी भ्यालु निकै कम आइरहेको छ, यो चिन्ताको विषय हो, सिटी भ्यालु कम आउनुको मतलब सङ्क्रमितमा भाइरसको सङ्ख्या धेरै हुनु हो,” उनले भनिन्, “२४ भन्दामुनिका सङ्क्रमितलाई होम आइसोलेशनको मापदण्ड पूरा गरेमात्र घरमा बस्न नत्र कोभिड अस्पताल, सेमिआइसोलेशन वा क्वारेन्टाइनमैं बसेको ठीक हुन्छ ।” बलियो सङ्क्रमित होम आइसोलेशनमा स्वास्थ्य मापदण्ड पूरा नगरी बसेमा घरपरिवारका सदस्यमा फैलिने खतरा हुन्छ ।”

## ५ मिनेटमा दुई दिने गोष्ठी सम्पन्न, एक लाख इ्वाम

प्रस, पोखरिया, १० भदौ/

पोखरिया नगरपालिका स्वास्थ्य शाखाले निषेधाज्ञाको समयमा दुई दिने गोष्ठी ५ मिनेटमा सम्पन्न गरी रु १ लाख १ हजार कुम्ल्याएको छ ।

निषेधाज्ञामा भेला, सभा, सम्मेलन, गोष्ठी, समारोह गर्न निषेध छ तर पोखरिया नपा स्वास्थ्य शाखाले सङ्क्रमण नियन्त्रण कार्यशाला गोष्ठी पोखरिया अस्पतालको सभाहलमा आयोजना गरेको देखाएर सोबापतको रु १ लाख १ हजार कुम्ल्याएको छ । पोखरिया अस्पतालमा हाल सङ्क्रमितहरू छन् । अस्पतालका १६ जना र बाहिरका २६ जना गरी सङ्क्रमितहरू आइसोलेट छन् । महामारी र निषेधाज्ञाको बेला तथा आइसोलेशन सञ्चालन भएको अवस्थामा पोखरिया नपा स्वास्थ्य शाखाले दुई दिने सङ्क्रमण नियन्त्रण कार्यशाला गोष्ठी गरेको हो ।

मङ्गलवार दिउँसो स्वास्थ्य शाखा प्रमुख कौशलेन्द्र मिश्र १४–१५ जनासहित अस्पतालको सभाहलमा पुगे र त्यहाँ सङ्क्रमण नियन्त्रण कार्यशाला गोष्ठीको ब्यानर झुन्ड्याए अनि सहभागीहरूको फोटो खिंचेर फर्किए । यो काम कुल ५ मिनेटमा सम्पन्न भयो । दोस्रो दिनको गोष्ठीको समय बुधवार ११ बजे तोकिएको थियो । तर दिउँसो २ बजेसम्म कार्यक्रम भएन । सहभागी एकजनाले मङ्गलवार नै दुई दिने गोष्ठीमा सहभागी भएको भनी हस्ताक्षर गराएर प्रतिव्यक्ति रु ७ सय भत्ता बुझेको बताए ।

चालीसजना सहभागी गर्नुपर्ने कार्यक्रममा अस्पताल सङ्क्रमित क्षेत्र भएकोले बाहिरका मानिसहरू जान नमानेपछि त्यहींका मानिसहरूलाई सहभागी गराइएको थियो । उद्घाटन पनि भएन, कसैले मन्तव्य पनि दिएनन् । सहभागीहरूलाई पनि केको लागि आएको भन्ने थाहा पनि भएन । उनीहरूले गोष्ठीमा सहभागी भएको कागजमा हस्ताक्षर गरे र रु ७ सय बुझिलिए ।




तस्वीरः प्रतीक

## खाद्यान्न र निर्माण सामग्रीबाहेक सबै पसल बन्द राख्न अपील

प्रस, रौतहट, १० भदौं/

उद्योग वाणिज्य सङ्घ रौतहटले खाद्यान्न तथा निर्माण सामग्रीका पसलबाहेक सबै पसल बन्द राख्न सूचना जारी गरेको छ ।

सङ्घका अध्यक्ष पण्डितप्रसाद जयसवालले बुधवार सूचना जारी गर्दै हालको अवस्थामा सम्पूर्ण व्यवसाय सञ्चालन गर्दा भीडभाड हुने र कोरोना भाइरस सङ्क्रमणको जोखिम बढ्ने भएकाले खाद्यान्न तथा निर्माण सामग्रीबाहेक सबैखाले व्यवसाय बन्द राख्न अपील गरेका छन् ।

अध्यक्ष जयसवालले जिल्ला प्रशासन कार्यालय, रौतहटले साउन २४ देखि भदौ १४ गतेसम्म निषेधाज्ञा जारी गरेकोमा सोको पालना गर्न आग्रह गरेका छन् । उनले सङ्क्रमणको अवस्था हेरी जिल्ला प्रशासन कार्यालयको निर्णय अनुसार अन्य व्यवसाय सञ्चालनमा ल्याउने बताएका छन् ।

## निश्शुल्क पिसिआर परीक्षण हुने

प्रस, रौतहट, १० भदौ/

दुर्गाभगवती गाउँपालिकाले निश्शुल्क पिसिआर परीक्षण गर्ने भएको छ ।

गापामा कोभिड–१९ को सङ्क्रमण देखिएपछि जोखिम रोकथाम तथा न्यूनीकरण गर्न एक घर–एक व्यक्ति पिसिआर परीक्षण अन्तर्गत शुक्रवार बिहान ११ बजेदेखि सरस्वती मावि पिपरा भलोहियाको प्राङ्गणमा स्वाब नमूना सङ्कलन हेल्थडेस्क सञ्चालन हुने गाउँपालिका अध्यक्ष अरुण साहले बताए ।

गापा अध्यक्ष साहले गापावासीलाई निश्शुल्क पिसिआर परीक्षण गराउन स्वास्थ्य संयोजक रामविनोद दास, ल्याब असिस्टेन्ट शिवेशकुमार चौधरी, स्वास्थ्य चौकी मत्सरीका इन्चार्ज सतीशचन्द्र झा, बडहर्वा स्वास्थ्य चौकीका हेल्थ असिस्टेन्ट मुकेशकुमार गुप्तालाई सम्पर्क गर्न आग्रह गरेका छन् ।

## दुई बालिकाको शव भेटियो

प्रस, रौतहट, १० भदौ/

गढीमाई नगरपालिका–७ धर्मपुर टोल निवासी तीनजना बालिका बागमती नदीमा बेपत्ता भएको घटनामा दुईजनाको शव भेटिएको छ ।

माधवनारायण नगरपालिका–८ स्थित बागमती खोला किनारमा १२ वर्षीया सुसीताकुमारी दासको र राजदेवी नगरपालिका–९ ब्रह्मपुरीनजीक बागमतीको पूर्वपट्टि किनारमा १० वर्षीया चञ्चलकुमारी मुखियाको शव फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

ऋषिपञ्चमीका दिन गढीमाई नगरपालिका–७ धर्मपुर टोल बस्ने भदै मुखियाकी १० वर्षीया छोरी पिङ्कुकुमारी मुखियाको शव सोही दिन भेटिएको थियो । ऋषि पञ्चमीका दिन बागमती नदीमा नुहाउन गएका तीनजना बालिका बेपत्ता भएका थिए ।

## निषेधाज्ञामा तीनवटा पसललाई जरिवाना

प्रस, वीरगंज, १० भदौ/

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयले बुधवार माईस्थान बजार अनुगमन गर्दै तीनवटा पसललाई कारबाई गरेको छ ।

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय, पर्साको संयुक्त अनुगमन टोलीले माईस्थानस्थित विभिन्न तरकारी तथा फलफूल पसलहरूको अनुगमन गर्ने क्रममा मूल्य सूची नराख्ने, खरीद–बिक्री बिल उपलब्ध गराउन नसक्ने तीनवटा पसललाई जरिवाना तिर्न लगाएको छ ।

संयुक्त अनुगमन टोलीले मीनाबजारस्थित चन्द्रकिशोर ट्रेडर्सलाई रु २० हजार, शिवदेवी ट्रेडर्सलाई रु २० हजार र माँ जगदम्बा फ्रुट सेन्टरलाई रु १० हजार जरिवाना तिर्न लगाएको हो ।

अनुगमन टोलीले कोरोना महामारीको विषम परिस्थितिमा कहींकतै कुनै वस्तुको कालोबजारी तथा मूल्यवृद्धि गरी बिक्री गरेको प्रमाणसहित daoparsa1@gmail.com उजूरी गर्न अनुरोधसमेत गरेको छ ।



निषेधाज्ञामा पसल अनुगमन गरी दण्ड जरिवाना गर्दै टोली । तस्वीरः सौजन्य

## पोखरियामा स्वाब सङ्कलनमा समस्या

प्रस, पोखरिया, १० भदौ/

पोखरिया नगरपालिकामा सङ्क्रमितहरूको कन्टयाक्ट ट्रेसिङमा परेकाहरूको स्वाब सङ्कलन बुधवारदेखि शुरू भएको छ ।

६५ जना सङ्क्रमित रहेको पोखरिया नगरपालिकामा सङ्क्रमितको कन्टयाक्ट ट्रेसिङमा २०४ जना परेको स्वास्थ्य शाखा प्रमुख कौशलेन्द्र मिश्रले बताए । उनले आज वडा नं. ४ मा १५ जनाको स्वाब नमूना सङ्कलन गरिएको बताए ।



कन्टयाक्ट ट्रेसिङमा परेकाहरूको स्वाब सङ्कलन गरिंदै । तस्वीरः प्रतीक


(बाँकी अन्तिम पातामा)


## तीन वर्षपछि प्रयोगशाला सञ्चालनमा

प्रस, पंचगावाँ, १० भदौ/

धोबिनी गाउँपालिका–२ स्थित प्राथमिक स्वास्थ्य केन्द्र भिखमपुरमा प्रयोगशाला सञ्चालनमा आएको छ ।

विगत तीन वर्षदेखि ट्रान्सफर्मर बिग्रिएको कारण प्रयोगशालाको काम रोकिएको थियो ।

विद्युत् अभावमा प्रयोगशालाका साथै अस्पतालले दिने अन्य सेवाहरू पनि प्रभावित थिए । भिखमपुर जनसामुदायिक विकास केन्द्रको पहलमा नेपाल विद्युत् प्राधिकरण हेटौंडाले ट्रान्सफर्मर उपलब्ध गराएपछि बुधवारदेखि समस्या समाधान भएको हो ।

क्लबले ट्रान्सफर्मर ल्याउनका लागि आवश्यक भाडा खर्च जुटाइदिएको अध्यक्ष सन्तोष पटेलले बताए । उनलाई आज अस्पतालका स्वास्थ्यकर्मी नवनीत रौनियारले मायाको चिनो दिएर सम्मानित गरेका थिए ।



ट्रान्सफर्मर जडान गर्दै । तस्वीरः प्रतीक

**मेहनतको फल र समस्याको हल अबेरले भएपनि अवश्य पाइन्छ ।**

-विचारसार एवं सूक्तिहरू


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# काम त भइरहेकै छ

कोरोना महाकालका रूपमा विश्वभरि देखा परिरहेको छ । तर पनि मनोबल, जिजीविषाले मानिस काम गरिरहेको छ, बाँचिरहेको छ । विश्वका धेरै राष्ट्रले यस महामारीले भोलिका दिन झन् भयावह नहोस् भनेर मानिसका लागि अत्यावश्यक काम गर्ने चाँजोपाँजो मिलाएका छन् । अब मानिसले यस महामारीसँग डराएर होइन, डटेर सङ्घर्ष गर्दै काम पनि गरिरहने साहस देखाउन थालेको छ । हो जहाँ सरकार कमजोर छ, जनताको हितमा काम गर्न इच्छुक छैन, त्यहाँ भने यस महामारीको आतङ्कलाई अझ भयप्रद बनाउँदै मानिसलाई थुनेर राख्नमैं आफ्नो सफलता देखिरहेको छ । त्यस देशमा सुरक्षाकर्मीहरू सडकमा घुम्दै, गल्ली–छेडोमा लुक्दै, गस्ती गर्दै मानिसलाई थर्काउन र ताक परे डन्डा पनि चलाउँदै दायित्व निर्वाह गरिरहेका छन् । यति भनिरहँदा यस देशमा सबै मानिस घरभित्रै थन्केका भने छैनन् । मज्जले काम गरिरहेका छन् । दिनहुँ जङ्गलबाट काठ–दाउरा चोरी तस्करी भइरहेको समाचार प्रकाशित भइ नै रहेका छन् । वर्षात्का बेला अवैध ठानिएको नदीजन्य पदार्थको उत्खनन प्रायः सार्वजनिक भइ नै रहेका छन् ।

समाचारहरूमा दिनहुँ झैंझगडा हुने गरेको कुरामा प्रकाशमा आइ नै रहेको छ । मानिस घरमैं थन्केर बसेको भए मानवीय गतिविधिका यस्ता समाचारहरू बाहिर आउने थिएनन् । हो, मानिसको लागि अत्यावश्यक कामहरूमा भने रोक लागेको छ । शायद सरकार आवश्यक काम गर्दा कोरोना सङ्क्रमण हुने र अवाञ्छित काम गर्दा सङ्क्रमण नसर्ने सिद्धान्तमा हिंडिरहेको छ । यद्यपि कोरोनाले अभिशापका साथै मानिसलाई धेरै काम गर्ने अवसर पनि प्रदान गरेको छ । एउटा सानो उदाहरण वीरगंजकै लिउँ । वीरगंजको झन्डै ९० प्रतिशत कारोबार एउटै स्थल आदर्शनगरबाट हुन्छ । यसले गर्दा मानिस एकै ठाउँमा झुम्मिन बाध्य हुन्छ । त्यसैले लकडाउन खुकुलो हुनेबित्तिकै आदर्शनगरमा मेला लाग्न थालेको थियो र सङ्क्रमण समुदायमा प्रसार हुन पुग्यो । आदर्शनगरका आर्थिक कारोबारका स्थललाई वीरगंजमा चारैतिर फिंजाउन सके, यहाँका घना पसलहरूलाई विभिन्न टोल र गल्लीमा सार्न सके उपभोक्ता एकै ठाउँमा झुम्मिनुपर्ने आवश्यकता रहने थिएन । यसले एकै ठाउँका मानिसलाई धेरै अवसर प्राप्त हुने र अर्को ठाउँ टुलुटुलु हेरिबस्ने अवस्थाको अन्त्य हुने थियो । यो कार्य कोरोनाउत्तरकालमा पनि निकै लाभदायक हुने थियो । शहरका सबै प्रकारको प्रदूषणमा यसले कमी ल्याउने थियो ।

यसरी एउटा आदर्शनगरमा मात्र सीमित रहेको कारोबारलाई प्रत्येक वडामा कम्तीमा एक/एक वटाको दरले छरिदिन पाए सङ्घीयताको विकेन्द्रीकरणको अवधारणाले मूर्त रूप प्राप्त गर्ने थियो । प्रत्येक वडामा सबै प्रकारका सामग्रीको एक/एक वटा थोक पसल, एक/एक वटा बैंक, एक/एक वटा कपडा पसल एवंरीतले अन्य व्यापार–व्यवसाय व्यवस्थित गर्न सके सबैले महानगरको नागरिक भएको अनुभूति प्राप्त गर्ने थिए । शोकलाई शक्तिमा बदलौं भन्ने नारा दिने, सबैलाई समान अवसर प्रदान गर्ने, कोही धनी र कोही गरीब नरहोस्–सबै समान बनून् भन्ने सिद्धान्त बोकेको राजनीतिक दलको सरकारको शासनमा पनि कोरोनाले दिएको त्रासलाई अवसरमा रूपान्तरण गर्न नसक्नु दुःखदायी कुरा हो । कोरोना त्यति भयावह छैन, जति यसलाई देखाउन खोजिएको छ । सतर्कता र वर्जना गरिएका व्यवहार नदेखाउने हो भने सबै मानवीय कारोबार सञ्चालन गर्न सकिन्छ ।

# उत्तरदायित्व बुझोस् वीरगंजले

स्वतन्त्र विचार




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**वीरगंजले लापरवाहीको मूल्य र परिणाम सिकायो । आत्मनियन्त्रणमा रहन नसक्दा हुने बेथितिबाट देखिने परिणतिको प्रदर्शन गऱ्यो । परिस्थितिको कमजोर आकलन गर्दा आउन सक्ने परिवेश भोग्यो र भोग्न लगायो ।**

वीरगंज एउटा शहर त हो तर यो शहर मात्र पनि होइन । वीरगंजको भूगोल पनि छ, वीरगंज एउटा भूगोल मात्र होइन । वीरगंज यस प्रदेशको एकमात्र महानगर हो र देशको आर्थिक राजधानी पनि हो तर यो मात्र किमार्थ होइन । वीरगंजले इतिहासमा धेरै राम्रो काम गरेको छ, इतिहास निर्माण गरेको छ, आफ्नै भरमा इतिहासलाई अगाडि बढाएको छ । देशलाई नै इतिहास दिएको छ । धेरै क्षेत्रमा नवीनताको सुरुआत गरेको छ । अहिले अनेक किसिमका पत्रकारिताले धेरैलाई रोजगार र सूचना दिएको छ, यस क्षेत्रको पनि एउटा पूज्य इतिहास छ, वीरगंजसित । वीरगंजले नै राजधानीबाहिर पहिलोपटक पत्रकारिता शुरू गरेको थियो । पत्रकारिताको हिसाबले वीरगंजलाई मोफसलको मातृभूमि पनि यसै कारण भनिन्छ । अहिले प्रदेशको संरचनामा रहेको यस आठ जिल्लामा पहिलोपल्ट दैनिक पत्रिका निकालेर निरन्तरता दिने पनि यही भूगोल हो । वीरगंज नै त्यो ठाउँ हो, जहाँबाट प्रदेशको पहिलो टेलिभिजन पनि प्रसारणमा आएको थियो । यसरी पत्रकारिता मात्र नभएर सामाजिक जीवनका धेरै क्षेत्रमा वीरगंजको विशिष्ट पहिचान छ, विशिष्ट स्थान छ, विशिष्ट इतिहास छ । वीरगंजलाई देशले त्यत्तिकै सम्मान गरेको होइन । देशका हरेक नागरिकका लागि वीरगंज त्यत्तिकै सम्मानयोग्य बनेको छैन । धेरैको आकर्षणको केन्द्र वीरगंज त्यत्तिकै बनेको होइन । यस ठाउँको महत्त्व नबुझ्ने कमै छन् । समयक्रममा बिस्तारै यस ठाउँको गरिमा र गर्व सर्वसाधारणले बुझ्दै जानेछन्, वीरगंजले पनि बुझाउँदै जानेछ ।

वीरगंजले दायित्व बुझ्दै नबुझेको पनि होइन । उत्तरदायित्व भुसुक्कै बिर्सेको होइन । वीरगंजले केही गर्दै गरेन भन्ने पनि होइन । वीरगंज आफैंमा धेरै ठाउँको आदर्श हो, उदाहरण हो । वीरगंजले यो कुरो बोल्नैपर्दैन, भन्नैपर्दैन, लेख्नैपर्दैन । अरूलाई नसुनाए पनि धेरै कुरा सुनिन्छ, अरूलाई नबुझाए पनि धेरै कुरा बुझिन्छ, अरूलाई नदेखाए पनि धेरै कुरा देखिन्छ र अरूलाई नपढाए पनि धेरै कुरा पढिन्छ तथा नलेखे पनि धेरै कुरा आफैं लेखिन्छ । वीरगंजले वर्तमानमा के गरिरहेको छ, वीरगंजमा के भइरहेको छ, यी र यस्ता पक्ष तथा प्रश्नको उत्तर वीरगंजले कसैलाई नदिए पनि स्वतः बोलिरहेको, भनिरहेको, बताइरहेको, देखाइरहेको हुन्छ जसको प्रभाव अन्यत्र पनि पर्दछ । जसको अनुकरण अरूले स्वतः स्वाभाविकरूपमा गर्दछन् । वीरगंजबाट नचाहेर वा नजानिंदो किसिमले सिक्दैछन् अरूले । नजानिंदो किसिमले वीरगंजले यस्तो अभिभावकत्व प्रदान गरिसकेको छ । वीरगंजमा पानी परेर कसैले छाता ओढ्यो भने टाढाका मानिसले स्वतः घरबाट निस्कनुअघि छाता नबोकी हुँदैन भन्ने परिसकेको छ । पानी पर्नु र छाता ओढ्नु वीरगंजसितको आलङ्कारिक सम्बन्ध र मनोवैज्ञानिक निर्भरताको दृष्टान्त मात्र हो । वीरगंजले त दृष्टिकोण पनि प्रदान गरेको छ । यसले निर्माण गरिदिएको दृष्टिकोणले पनि विचार, व्यवहार र मनोविज्ञानमा प्रभाव पारेको छ र पारि पनि रहेको छ । यो वीरगंजको उपलब्धि हो ।

वीरगंजका एकजना चर्चित तथा अग्रज पत्रकारसित मोबाइलमा संवाद हुँदै थियो । वीरगंजको के छ ? वीरगंजमा लकडाउन जारी थियो । त्यो लकडाउन जुन देशले गरेको थियो, केन्द्रीय सरकारले गरेको थियो । केन्द्रीय सरकारको लकडाउन देशभरि बिस्तारै खुकुलो भइरहेको थियो, त्यति बेला । लकडाउन समाप्तितिरको समयमा कुराकानी भएको थियो । त्यति बेला संवादमा के आएको थियो भने वीरगंज पूरै लापरवाह भयो । मानिस अलिकति पनि संवेदनशील भइदिएनन् । जताजतै भीडैभीड । सावधानी अँगालेर विभिन्न नियमको परिधिमा रहने गरी केन्द्रीय लकडाउन अन्त्यको घोषणा भएपछिको दिनमा भने वीरगंजले कुनै लामो परतन्त्रतालाई ठूलो सङ्घर्षले पराजित गरेजस्तो अनुभूति गऱ्यो क्यारे । कुन ठाउँमा बढी भीड गर्ने भन्ने प्रतिस्पर्धाजस्तै हुन थाल्यो । लापरवाहीको पनि प्रतिस्पर्धा जस्तै थियो रे । त्यही बेला कतिपयले एकापसमा सतर्कता अँगाल्दा नचाहिंदो काम गरेको जस्तो मानेर कतिपयले नाक पनि खुम्च्याएका थिए रे । त्यही समयमा केही बुद्धिजीवीले यो पनि चर्चा गरेका थिए कि अहिले बजारमा जुन किसिमको भीडभाड जम्मा हुँदैछ, यसले कतै गम्भीर समस्या त ल्याउँदैन ? गाउँका मानिस शहर र शहरका मानिस गाउँ जाने मात्र होइन, छिमेकी जिल्लाका मानिसलाई पनि वीरगंजले मज्जैले स्वागत गरेको थियो । अब वीरगंजबाट अन्यत्र होओस् कि अन्यत्रबाट वीरगंजमा होओस्, नआउनु पर्ने कोरोना महामारी भित्रियो । महामारीले समुदायमा पहुँच पुऱ्याउन सफल भएपछि एकचोटि फेरि चिन्ताको बादल सबैतिर देखिन थाल्यो । कोरोना सङ्क्रमण वीरगंजमा जब समुदायमा देखा पऱ्यो । यसको प्रभाव छरछिमेकमा पर्नु स्वाभाविक थियो र पऱ्यो पनि ।

वीरगंजले आफूलाई पूर्व, कम्तीमा रौतहटसम्म सम्भवतः यो देखाउन खोज्दै थियो कि म सुरक्षित छु । म सामान्य छु । मलाई केही पनि हुँदैन । अनि वीरगंजको सिको नजीकका पालिकाहरूले सजिलै गर्दछन् । वीरगंजले जे गर्दछ, त्यसको प्रभाव अन्य जिल्लाले पनि ग्रहण गर्दछ । वीरगंजले जुन रूपमा आफूलाई उदार भएर देखायो, त्यस उदारताको उदरमा कहींबाट कोरोना आयात हुन सक्छ र वीरगंजको उदरमा आएको कोरोनालाई वीरगंजले चाहेर पनि पचाउन सक्दैन, अरूको उदरमा त पुग्नै पर्दछ भन्ने हेक्का राख्न सकेन । अनि अन्य पालिकाहरूले आफूलाई सामान्य देखाउन खोजे, अन्य जिल्लाले आफूलाई सामान्य देखाउन खोजे । वास्तवमा अवस्था सामान्य थिएन । असामान्य अवस्थालाई बलजफ्ती सामान्य बताउन खोजिएको थियो । असामान्यलाई सामान्य बताउन खोज्दा उपचारमा समस्या हुन्छ । उपचारमा समस्या हुनुको अर्थ हो रोग निको नहुनु, बल्झिंदै जानु । रोग बल्झिंदै जाँदा पहिलेभन्दा गम्भीर उपचार गर्नुपर्ने हुन्छ । वीरगंजमा त्यही भएको छ अहिले । वीरगंज त यस क्षेत्रकै अगुवा हो । यस कारण पहिले वीरगंजमा निषेधाज्ञा जारी भयो र फेरि रौतहटसम्म निषेधाज्ञा जारी गर्नुपर्ने अवस्था सिर्जना भयो । सम्भवतः यस क्षेत्रमा पहिलोपटक वीरगंजले नै स्थानीयस्तरमा निषेधाज्ञा लगाएको हुनुपर्छ । बिस्तारै अन्य पालिकाहरू पनि यस प्रकारको अवस्थामा प्रवेश गरेको पाइयो । वास्तवमा वीरगंजले अनुकरण गर्न सिकाएको होइन, तर वीरगंजविना अझै पनि काम चल्ने अवस्था छैन । वीरगंजमाथि धेरै किसिमको निर्भरता र प्रेम तथा आकर्षणले नजानिंदो किसिमले यति धेरै घनिष्ठता जोडेको छ कि जनजीवनको हरेक क्षेत्रमा वीरगंजको प्रभाव सजिलै देखिन्छ ।

त्यस संवादमा वीरगंजले सबैलाई के सिकाइरहेको छ त ? भन्ने पनि थियो । निष्कर्ष यो आयो कि वीरगंज आफूले सिकेको सबक अरूलाई पनि सिकाउँछ वा वीरगंजको सबक अरूले पनि सिक्नैपर्छ । वीरगंजले जे भोग्दछ, त्यो अरूले पनि भोग्नैपर्दछ । नभन्दै भयो पनि त्यहीं । वीरगंजले सास लिंदा अरूले पनि सास लिनुपर्ने रहेछ, वीरगंज सुस्ताउँदा सुस्ताउनु स्वास्थ्यको लागि राम्रो हुने रहेछ, वीरगंजमा बत्ती बल्दा उज्यालो सबैलाई चाहिने रहेछ, वीरगंज बिहान–बिहान मोर्निङ वाकमा निस्कँदा बिहान–बिहान घुम्नु स्वास्थ्यको हिसाबले राम्रो हुने रहेछ भनेर मान्ने समाज छ अर्थात् वीरगंजको प्रभाव क्षेत्रभित्र ठूलो समुदाय रहेको छ । वीरगंज सोच्दछ भने अरूले किन सोच्नुपऱ्यो ? वीरगंजको विचार नै सर्वोपरि हो । वीरगंजको सोचाइ र विचारमा धेरैको हक लाग्ने रहेछ । वीरगंजको सकारात्मक र नकारात्मक दुवै कुरालाई शिरोधार्य गर्ने एउटा विशाल क्षेत्र रहेकोले वीरगंजले आफ्नो बाटो हिंड्दा ठीक छ तर मेरो बाटोले अरूलाई पनि हिंड्न सिकाउन सक्छ भन्ने पनि विचार गर्नुपर्ने हो कि ? मैले हिंड्न सिकाउँदा उसको हिंडाइको प्रतिच्छाया मेरो गतिमा पनि देखिने हो कि ? केही दिन पहिले वास्तवमा वीरगंज खुकुलो भएपछि वा वीरगंजले सामान्य अवस्थाको जीवनयापन गर्न थालेपछि चारैतिर खुकुलो भएको हो तथा पछिल्लो समयमा वीरगंजका सर्वसाधारणमा देखिएको चिन्ता र त्रास यस क्षेत्रका अन्य मानिसमा पनि देखिन थालेको हो । वीरगंजमा जुन तहको सतर्कता देखिन थाल्यो, अन्यत्र पनि करीब–करीब सोही किसिमको प्रभाव वा सतर्कता देखिन थालेको हो । लापरवाही वा सतर्कतापछि वीरगंजमा देखिने किसिमको अन्य प्रभाव पनि करीब सामञ्जस्यता छ ।

वीरगंजले लापरवाहीको मूल्य र परिणाम सिकायो । आत्मनियन्त्रणमा रहन नसक्दा हुने बेथितिबाट देखिने परिणतिको प्रदर्शन गऱ्यो । परिस्थितिको कमजोर आकलन गर्दा आउन सक्ने परिवेश भोग्यो र भोग्न लगायो । वर्तमानलाई नै बढी महत्त्व दिएर अत्यधिक आर्जन वा सङ्कलन गर्न खोज्दा भविष्यको आधार कमजोर हुने पनि स्पष्ट पार्न सक्यो । भविष्यको मूल्य पनि कम नहुने रहेछ भन्ने बतायो । अब सतर्कता र संयमताको मूल्य र महत्त्व पनि सिकाओस् । अबको समयमा वीरगंजले सबैलाई उत्तरदायित्वको पाठ पनि पढाओस् । यस क्षेत्रलाई जवाफदेही पनि बनाओस् ।

# महोत्तरीमा सङ्क्रमणबाट मृत्यु हुने सङ्ख्या पाँच पुग्यो

प्रस, महोत्तरी, १० भदौ/

महोत्तरीमा थप एकजना कोरोना सङ्क्रमितको मृत्यु भएको छ । महोत्तरीका सङ्क्रमित ६० वर्षीय एक पुरुषको उपचारको क्रममा मङ्गलवार राति विराटनगरमा मृत्यु भएको हो ।

विराटनगरको न्युरो अस्पतालका निर्देशक रञ्जीतराज बस्नेतका अनुसार साउन ३१ गते अस्पताल भर्ना गरिएको बिरामीको स्वाब परीक्षण गर्दा बितेको आइतवार पोजेटिभ रिपोर्ट आएको थियो । पोजेटिभ रिपोर्ट आएपछि आइसोलेशन कक्षमा राखेर उपचार भइरहेको अवस्थमा मङ्गलवार राति उनको मृत्यु भएको हो । योसँगै महोत्तरीमा कोरोना सङ्क्रमणबाट मृत्यु हुने मानिसको सङ्ख्या पाँच पुगेको छ ।

मङ्गलवार दिउँसो पनि जिल्लाका दुईजनाको कोरोना सङ्क्रमणबाट मृत्यु भएको थियो । सिस्वा नगरपालिका–३ का ७५ वर्षीय पुरुष र बलवा नगरपालिका–३ का ७७ वर्षीय पुरुषको मृत्यु भएको प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालले जानकारी दिए । प्रजिअ कटुवालका अनुसार मनरा सिस्वा नगरपालिका–३ का ७५ वर्षीय पुरुषको जलेश्वर अस्पतालमा मृत्यु भएको हो । ती पुरुषलाई आइसोलेशनमा राख्ने तयारी भइरहेका बेला मृत्यु भएको उनले बताए ।

यस्तै, बलवा नगरपालिकाका ७७ वर्षीय पुरुषको धनुषाको जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । उनलाई सोमवार साँझ अस्पताल भर्ना गरिएको थियो ।

# मृतक बालिकाका अभिभावकलाई प्रदेशको राहत

प्रस, रौतहट, १० भदौ/

रौतहटको बागमती नदीमा डुबेर मृत्यु भएका तीनजना बालिकाका अभिभावकलाई प्रदेश २ सरकारले जनही १ लाख रुपैयाँ राहत दिने भएको छ ।

प्रदेशका मुख्यमन्त्री लालबाबूराउत गद्दीले बुधवार मृतक परिवारप्रति समवेदना प्रकट गर्दै जनही एक लाख रुपैयाँ राहत दिने घोषणा गरेका हुन् । उनले घोषित राहत रकम मृतकका परिवारलाई प्रदेश सरकारको तर्फबाट तत्कालै उपलब्ध गराउने बताएका छन् ।

चार दिन पहिले जिल्लाको गढीमाई नगरपालिका वडा नं ६ स्थित बागमती नदीमा डुबेर सोही नगरपालिका वडा नं ७ का तीनजना बालिकाको ज्यान गएको थियो । मृत्यु हुने लक्ष्मण दास तत्माकी १५ वर्षीया छोरी सुसीता दास, भदै मुखियाकी ११ वर्षीया छोरी पिङ्कु र छठु मुखियाकी १० वर्षीया छोरी चञ्चल मुखिया हुन् ।

## औषधि बरामद

प्रस, पोखरिया, १० भदौ/

सशस्त्र प्रहरीले २ लाख मूल्यबराबरको भन्सार छली भित्रिएको औषधि बरामद गरेको छ ।

सशस्त्र प्रहरी प्रमोद पटेल कमान्डको टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेको मोटरसाइकल चेकजाँच गर्ने क्रममा औषधि बरामद भएको हो । सशस्त्र प्रहरीलाई देखेर मोटरसाइकल चालक फरार भएको सशस्त्र प्रहरी घनश्याम पोखरेलले बताए । विभिन्न प्रकारका औषधि बरामद भएको उनले बताए ।



सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# बाराका चारजना सङ्क्रमितको मृत्यु

प्रस, परवानीपुर, १० भदौ/

वीरगंजमा भदौ ९ गते मङ्गलवारका दिन चारजना सङ्क्रमितको मृत्यु भएको छ । उपचारको क्रममा कोभिड अस्पतालमैं उनीहरूको मृत्यु भएको हो। बिहान ६ देखि १० बजेको बीचमा गण्डक कोभिड अस्पतालमा दुईजनाको मृत्यु भएको थियो भने मङ्गलवार राति ८ देखि ११ बजेको बीचमा वीरगंज हेल्थकेयर कोभिड अस्पतालमा थप दुईजनाको मृत्यु भएको थियो। मृतक चारजना सङ्क्रमित बारा जिल्लाका हुन्। अब बारामा कोरोना सङ्क्रमणले मृत्यु हुनेको सङ्ख्या ११ पुगेको छ।

नारायणी अस्पताल वीरगंजका प्रवक्ता डा अतुलेश चौरसियाका अनुसार वीरगंज हेल्थकेयरमा राति ८ बजेर ५ मिनेटमा बाराको कलैया वडा नं १ का ६६ वर्षीय पुरुष र सोही अस्पतालमा राति पौने ११ बजे बारा, विश्रामपुर–१ छातवाका ४२ वर्षीय पुरुषको गरी दुईजनाको मृत्यु भएको जानकारी गराए। कलैयाका सङ्क्रमित भदौ २ गते कोरोना पोजेटिभ भएर अस्पताल भर्ना भएको ७ दिनपछि मृत्यु भएको हो भने विश्रामपुरका सङ्क्रमित मङ्गलवार दिउँसो वीरगंज हेल्थकेयरमा भर्ना भएका थिए। कलैयाका सङ्क्रमित दुवैजनालाई निमोनिया तथा श्वासप्रश्वास एवं ज्वरोको समस्या थियो भने विश्रामपुरका सङ्क्रमितले मृगौला प्रत्यारोपण गराएका थिए। उनमा पनि श्वासप्रश्वासको समस्या रहेको नारायणी अस्पतालका प्रवक्ता डा चौरसियाले बताए।

त्यसैगरी, गण्डक कोभिड अस्पतालमा मृत्यु हुनेमा महागढीमाई नगरपालिका–४ दहियारटोल बस्ने ५९ वर्षीय र स्वर्ण गाउँपालिका–४ परशुरामपुरका ७२ वर्षीय पुरुष रहेका छन् । गण्डक कोभिड अस्पतालका संयोजक डा उदयनारायण सिंहका अनुसार एकजनाको बिहान ६ बजे र अर्कोको बिहान ११ बजे आइसियूमा उपचारको क्रममा मृत्यु भएको थियो। ६ गते कोरोना सङ्क्रमण पुष्टि भएका ७२ वर्षीय वृद्ध घरमैं आइसोलेशनमा रहेको अवस्थामा अचानक स्वास्थ्य अवस्था बिग्रेपछि सोमवार गण्डक कोभिड अस्पतालमा भर्ना गरिएको थियो। त्यस्तै, भदौ ४ गते कोरोना सङ्क्रमण पुष्टि भएका महागढीमाई नगरपालिकाका पुरुष भदौ ५ गते गण्डक कोभिड अस्पतालमा भर्ना भएका थिए । दुवै सङ्क्रमितमा निमोनिया देखिएको थियो।

चिकित्सकहरूका अनुसार अधिकांश सङ्क्रमितहरूको मृत्यु निमोनिया र श्वासप्रश्वासमा उत्पन्न समस्याले भइरहेको बताएका छन् । योसँगै वीरगंजका विभिन्न अस्पतालमा उपचारको क्रममा पर्सा, बारा, रौतहटका गरी ४३ जनाको मृत्यु भइसकेको छ। जसमा पर्साका ३१, बाराका १० र रौतहटका २ जना रहेका छन्।

## पर्सामा १९ जना सङ्क्रमित थपिए

प्रस, वीरगंज, १० भदौ/

पर्सा जिल्लामा बुधवार १९ जना सङ्क्रमित थपिएका छन्। जिल्ला प्रशासन कार्यालय, पर्साले उपलब्ध गराएको तथ्याङ्क अनुसार ४ जना महिला र १५ जना पुरुषमा सङ्क्रमण पुष्टि भएको हो।

वीरगंज महानगर–४, ५, ९, १५, १६, २२, धोबिनी गाउँपालिकाको वडा नं. १ मा एक/एक जना र पर्सागढी नगरपालिकाको वडा नं. ४ मा १२ जना गरी १९ जना सङ्क्रमित पुष्टि भएका हुन्।

# स्वास्थ्यकर्मी सङ्क्रमित भएपछि खोप प्रभावित

प्रस, पोखरिया, १० भदौ/

पोखरिया अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मीहरू सङ्क्रमित भएपछि यस महीनाको खोप सेवा प्रभावित भएको छ।



तस्वीरः प्रतीक

प्रत्येक महीना जन्मेदेखि ५ वर्षमुनिका बालबालिकाहरूलाई पोखरिया अस्पतालमा १२ किसिमका रोगको लागि आठ किसिमका खोप दिने गरिन्थ्यो। यसअघि लकडाउन, निषेधाज्ञामा खोप सेवा नियमित थियो। प्रत्येक महीना २ देखि ९ गतेसम्म खोप दिइन्थ्यो । गत महीना १ हजार १ सय बालबालिकालाई खोप दिइएको अनमी दीपिका सिंहले बताइन् । उनले यो महीना १६ जना चिकित्सकसहित स्वास्थ्यकर्मी कोरोना सङ्क्रमित भएपछि खोप सेवा बन्द गरिएको बताइन् । भदौ महीनामा सङ्क्रमित सङ्ख्या बढेर सेवा दिन नसकिएको उनले बताइन्।

# खेलकुदको संसार

## सिपिएलमा विकेटसँगै सन्दीपको किफायती बलिङ

काठमाडौं, १० भदौ/रासस

क्यारेबियन प्रिमियर लिग (सिपिएल) टी–ट्वान्टी क्रिकेटमा नेपाली खेलाडी सन्दीप लामिछाने आफ्नो चौथो खेलमा विकेट लिन सफल भएका छन्।

उनले यसअघिको खेलमा जस्तै आज बिहान भएको खेलमा निकै किफायती बलिङ गरे । गुएना अमेजन वारियर्सविरुद्धको खेलमा सन्दीपले एक विकेट लिए। जमैका तलावाजबाट खेलिरहेका उनले अमेजनविरुद्ध बलिङ गर्दै ४ ओभरमा मात्र १२ रन खर्चिए। योसँगै जारी प्रतियोगितामा सन्दीप ४ खेलमा ५ विकेट लिन सफल भएका छन्। ट्रिनिडाड एन्ड टोबागोस्थित क्विन्स पार्क ओभलमा भएको खेलमा टस जितेर सन्दीपको टोली जमैकाले बलिङ रोजेको थियो।

सन्दीपले खेलको १०औं ओभरमा आफ्नो पहिलो ओभर बलिङ गर्दै मात्र तीन रन दिएका थिए। खेलको १२औं ओभरमा आफ्नो दोस्रो ओभर बलिङ गर्दै उनले चार रन खर्चेर एक विकेट लिए। सो ओभरको पहिलो बलमा नै उनले सिर्फान रदरफोर्डको विकेट लिए। रदरफोर्डलाई एक रन बनाएको अवस्थामा सन्दीपले आसिफ अलीको हातबाट क्याचआउट गराएका थिए। खेलको १४औं ओभरमा आफ्नो तेस्रो ओभर बलिङ गर्दै उनले मात्र एक रन विपक्षी खेलाडीलाई बनाउन दिए। खेलको १६औं ओभरमा सन्दीपले आफ्नो अन्तिम ओभर बलिङ गर्ने क्रममा चार रन खर्चिए। आजको खेलमा उनको बलमा विपक्षी खेलाडीले चौका र छक्का हिर्काउन सकेनन्।

यसअघि पहिला ब्याटिङ गर्दै गुएनाले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १०८ रन बनाउन सक्यो । जमैकाले १०९ रनको विजयी लक्ष्य ५ विकेटको नोक्सानीमा १८ ओभरमा पूरा गऱ्यो।

सन्दीपको टोली जमैकाले अब पाँचौं खेल बिहीवार बिहान सवा तीन बजे बार्बाडोस ट्रिडेन्टससित खेल्नेछ।

# आइसोलेशनमा बसेकालाई खाद्य सहयोग

प्रस, पोखरिया, १० भदौ/

पोखरिया अस्पतालको आइसोलेशनमा बसेकाहरूलाई स्थानीय युवाहरूले सहयोग गरेका छन्।

आइसोलेशनमा बसेकाहरूलाई युवा उत्थान समितिका अध्यक्ष हृदयनारायण पटेलले अस्पताल प्रशासनका लक्ष्मी चौहानलाई आइसोलेशनमा रहेका सङ्क्रमितका लागि सामग्री सहयोग गरेका हुन्।


तस्वीरः प्रतीक

सयवटा अन्डा, ६ किलो स्याउ, ५०/५० वटा बिस्कुट/पानी र जाम पाउरोटी सहयोग गरेको अध्यक्ष पटेलले बताए।

# १ महिलासहित ४१ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १० भदौ/

वीरगंज जेसीजको आयोजनामा बुधवार सम्पन्न आकस्मिक खुला रक्तदान कार्यक्रममा एकजना महिलासहित ४१ जनाले रक्तदान गरेका छन्।


तस्वीरः सौजन्य

वीरगंज जेसीजका अध्यक्ष मुकेश सिंहको अध्यक्षतामा सम्पन्न रक्तदान कार्यक्रममा सञ्जीवनी चौधरी, दीपक शर्मा, शेखर चौधरी, विजय चौधरी, दीपक सापकोटा, कुशनन्द चौधरी, सुदीप लामा, सुमन राणा, रवि धमलालगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका कार्यालय सहायक कुमार दाहालले बताए।




# विश्व शान्तिको लागि पूजापाठ

प्रस, सिम्रौनगढ, १० भदौ/

कोरोना प्रकोप बढ्दै गएपछि विश्व शान्तिको लागि सिम्रौनगढमा विभिन्न देवीदेवताका मन्दिरमा पूजापाठ गरिएको छ।


तस्वीरः प्रतीक

बुधवार कङ्कालीमाई, राजदेवीमाई, ब्रह्मस्थान, सपहीमाईको स्थानमा पुगेर सिम्रौनगढवासीले पूजाआजा गरेका थिए। कोरोना रोकथाम र विश्व शान्तिको कामना गर्दै स्थानीयवासीको सहभागितामा पण्डित रामकिशोर पाण्डेयले विधिवत्रूपमा पूजा गरेका थिए।

## पोखरियामा.........

सङ्क्रमितको कन्टचाक्ट ट्रेसिङमा रहेका ३३ जनामध्ये १५ जनाले मात्र स्वाब दिएका थिए। बाँकीले घरमैं आएर स्वाब सङ्कलन गर्न अडान लिएका कारण स्वाब नमूना सङ्कलन हुन सकेन। वडाको एक ठाउँमा स्वाब नमूना सङ्कलनको व्यवस्था गरिएको थियो । तर आधाभन्दा बढी सङ्क्रमितले घरमा आई स्वाब नमूना लिनुपर्ने अडान लिएपछि उनीहरूको स्वाब सङ्कलन भएन।

यसैगरी, वडा नं. ५ मा सङ्क्रमितको कन्टचाक्ट ट्रेसिङमा ३० जना परेका छन्।

उनीहरूले स्वाब नमूना दिन मानेनन्। पिसिआर परीक्षण रिपोर्ट गलत आइरहेको भन्दै उनीहरूले स्वाब दिन मानेनन्। पोखरियामा भदौ २३ गते चार जना सङ्क्रमित पुष्टि भएका थिए । उनीहरूको पहिलो स्वाब नमूना रिपोर्ट पुनः पोजेटिभ आएको छ । अन्य सङ्क्रमितहरूको आजदेखि स्वाब लिन शुरू गरिएको छ। पहिलो चरणमा भदौ ३१ गते ३३ जना सङ्क्रमित भएकामध्ये बुधवार १० जनाको स्वाब सङ्कलन गरिएको छ।

# कोरोनाको कारण अदालतको सेवा बन्द

प्रस, जनकपुरधाम, १० भदौ/

प्रदेश नं २ उच्च अदालत जनकपुर, जिल्ला अदालत धनुषा र महोत्तरी जिल्ला अदालतको अत्यावश्यकबाहेक सम्पूर्ण सेवा बन्द भएको छ। कोरोना सङ्क्रमितको सङ्ख्या दिन प्रतिदिन बढ्दै गएपछि अदालतको सेवा बन्द गरिएको हो।

उच्च अदालत जनकपुरधाम, सरकारी वकीलको कार्यालयका कर्मचारी नै कोरोना सङ्क्रमित भएपछि सेवा बन्द गर्नुपरेको हो। अत्यावश्यकबाहेक सम्पूर्ण सेवा भदौ १५ गतेसम्मका लागि बन्द गर्ने निर्णय गरिएको उच्च अदालत जनकपुरधामले जनाएको छ।

केही साता पहिले उच्च अदालत जनकपुरका एक न्यायाधीशमा कोरोना सङ्क्रमण पुष्टि भएको थियो। सोलगत्तै सरकारी वकीलको कार्यालयका कर्मचारीमा समेत कोरोना सङ्क्रमण देखिएको थियो। उच्च अदालत जनकपुर, सरकारी वकीलको कार्यालय, जिल्ला अदालत धनुषा, जिल्ला अदालत महोत्तरीका पदाधिकारीहरू सम्मिलित बैठकले सङ्क्रमणको जोखिमलाई मध्यनजर गर्दै अदालतको कामकारबाही बन्द गर्ने निर्णय गरेको उच्च अदालतले जनाएको छ । अदालत बन्द भनिएको अवधिमा पनि अति आवश्यक सेवा भने उपलब्ध गराउने निर्णय भएको छ। सो अनुसार उच्च अदालत जनकपुर र जिल्ला अदालत महोत्तरीले थुनछेक, बन्दी प्रत्यक्षीकरण, बालअधिकारसम्बन्धी निवेदन, महामारीसम्बन्धी निवेदन दर्ता र सुनुवाइ गर्ने जनाएको छ।

**वर्षातको समयमा आइपर्ने सम्भावित विपद्बाट बचौं र बचाऔं । बाढी, पहिरो र डुबानको जोखिममा रहेका बस्तीहरूलाई सुरक्षित स्थानमा सारौं ।।**

- बाढी, पहिरो, डुबानको जोखिम भएका बस्तीहरूको अवस्थितिबारे स्थानीय र जिल्ला तहका विपद् जोखिम न्यूनीकरण समितिहरूलाई जानकारी गराउने।
- विपद जुनसुकै बेला पनि आईपर्न सक्छ, त्यसैले पूर्व तयारी र प्रतिकार्य तयारी अवस्थामा राख्ने।
- प्रत्येक टोल बस्तीहरूमा उद्धार टोली गठन गरी आवश्यक तालिमको व्यवस्था गर्ने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


**स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी**
- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।
